**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख ८ गते**

प्रदेश १ मा वैशाख ८ गतेसम्म पीसीआर र आरडिटी विधिबाट ३ हजार २ सय ६८ जनाको परीक्षण गरिएको छ। कोरोना भाइरस (कोभिड १९) का शङ्कास्पद ६ सय ५९ जनाको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएका मध्ये १३ जना पुरूषमा कोरोना पोजेटिभ रिपोर्ट आएको छ । ६६ जना महिला र ३ सय २५ जना पुरूष गरी ३ सय ९१ जनाको रिपोर्ट नेगेटिभ आएको छ । २ सय ५५ जनाको रिपोर्ट आउन बाँकी छ । वैशाख ८ गते सम्म प्रदेश १ मा ३ सय ८७ जना शङ्कास्पद व्यक्तिको नमूना सङ्कलन गरिएको थियो । वैशाख ८ गते एकैदिन २ सय ७२ जनाको नमूना सङ्कलन गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। प्रदेश १ मा आरडीटी विधिबाट २ हजार ६ सय ९ जनाको परीक्षण गरिएको छ। परीक्षण गरिएकामध्ये दुई जना महिला र चार जना पुरूष गरी ६ जनाको एण्टीवडी पोजेटिभ देखिएको छ। तेह्रथुममा गरिएको परीक्षणमा एक जना महिला र एक जना पुरूषमा एण्टीवडी पोजेटिभ देखिएको बताइएको छ । आरडीटीमा ३ सय ५५ जना महिला र २ हजार ४ सय ४८ पुरूष गरी २ हजार ६ सय ३ जनाको रिपोर्ट नेगेटिभ आएको छ। प्रदेश १ मा वैशाख ८ गतेसम्म ३ सय २१ जनाको आरडीटी परीक्षण गरिएको छ। प्रदेश १ मा ४ हजार ५ सय ७१ जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ। १ सय १२ वेड थपिएको छ। वैशाख ८ गतेसम्म १ सय १ जना महिला र ७ सय २४ पुरूष गरी ८ सय २५ जना क्वारेन्टाइनमा बसेका छन् । पाँच जना महिला र पाँच जना पुरूष गरी दश जना डिस्चार्ज भएका छन् । प्रदेश १ मा ४ सय ४९ आईसोलेशन वेड तयार गरिएको छ। आईसोलेशनमा आठ जना महिला र २७ जना पुरूष गरी ३५ जना भर्ना भएका छन् । दुई जना डिस्चार्ज भएका छन् । प्रदेश १ मा होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ४ हजार ३ सय ४३ पुगेको छ । ७ सय १६ जना महिला र ३ हजार ६ सय २७ जना पुरूष होम क्वारेन्टाइनमा बसेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका** अनुसार ०७७ वैशाख ८ गतेसम्म मोरङमा १ सय ८३ जना पुरूष र २० जना महिला गरी २ सय ३ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । मोरङमा वैशाख ८ गतेसम्म आईसोलेशनमा ३४ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १८, कोभिड- १९ उपचार केन्द्रमा १३, र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा १ सय २७ ओटा आईसोलेशन वेड तयार गरिएको छ । मोरङमा वैशाख ८ गतेसम्म १ हजार १ सय ९५ जना पुरूष र २ सय ६० जना महिला गरी १ हजार ४ सय ५५ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ। मोरङमा ९१ जनाको स्वाब परीक्षण गरिएकोमा ९० जनाकै रिपोर्ट नेगेटिभ आएको छ। एक जनाको रिपोर्ट आउन बाँकी छ । मोरङमा वैशाख ८ गतेसम्म ४ सय ९४ जनाको र्‍यापिड

डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । ४ सय ९३ जनाको आरडीटी रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानवहादुर वस्नेतले बताउनुभयो ।

मोरङका सर्वदलीय मुस्लिम अगुवाहरूले कोरोना भाइरसको प्रतिरक्षामा एकीकृत योजना बनाएर लागू गर्न माग गरेका छन् । विभिन्न दल सम्बद्ध मुस्लिम अगुवाहरूले नेपाल सरकार तथा प्रधानमन्त्री केपी शर्मा ओली सामु यस्तो माग प्रस्तुत गरेका हुन् । उनीहरूले जिल्ला प्रसाशन कार्यालय मोरङमार्फत नेपाल सरकार र प्रधानमन्त्री ओली सामु सो विषयको ज्ञापनपत्र पठाएका छन । प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा लकडाउनले गर्दा अन्तराष्ट्रिय सिमाहरू बन्द भएका कारण भारत लगायत अन्य देशका मुस्लिम तीर्थयात्री (जमात)हरू देशका विभिन्न मस्जिदहरूमा अलपत्र अवस्थामा बसिरहेको हुँदा कोरोनाको सङ्क्रमण नहोस र भएको अवस्थामा समेत त्यसलाई फैलिन नदिन स्थानीय तह,प्रशासन र प्रदेश सरकारको समन्वयमा कोरोना भाइरसको रोकथाम,उपचार र प्रतिरक्षामा एकीकृत योजना बनाएर लागु गर्न माग गरिएको छ । यसैगरी लकडाउन अघि भारत लगायत तेश्रो मुलुकबाट फर्किएका सम्पूर्ण व्यक्तिहरूको ट्राभल हिस्ट्री ट्रेसिङ गरेर कोरोना परीक्षणको दायरा बढाएर जोखिम न्यूनीकरणको सुझाव दिइएको छ । ज्ञापनपत्रमा लकडाउनको अवधिमा हुनसक्ने कालोबजारी,कृत्रिम अभाव र आर्थिक अपचलनका घटनाहरूका बिषयमा नियमित अनुगमन गर्न तथा दैनिक उपभोग्य बस्तुहरूको सेवा प्रवाहमा बिशेष ध्यान दिन आग्रह  गरिएको छ । नेकपाका तर्फबाट ताजिम अन्सारी, वसिम आलम नेपाली कांग्रेसका सलिम अन्सारी,राजपाका मोहम्वत कादिर लगायतका नेताले ज्ञापनपत्र बुझाएका थिए ।

कोरोना भाइरसले महामारीको रूप लिइरहेका बेला विराटनगर महानगरपालिका भित्र सरसफाई मजदूरहरू भने फोहोर व्यवस्थापनमा असुरक्षित तरिकाले खटिने गरेको पाइएको छ । कोरोना सङ्क्रमण रोक्न अपनाउनु पर्ने सुरक्षाको न्यूनतम मापदण्ड बिना नै फोहोर सङ्कलन र व्यवस्थापनमा प्रत्येक दिन बिहान ६ बजेबाट खटाउने गरिएका कारण मजदूर जोखिममा परेका छन् । विराटनगर महानगरपालिकाले सम्झौता गरेर १९ ओटै वडामा फोहोर मैला व्यवस्थापन र सरसफाईको जिम्मा वेष्ट म्यानेजमेन्ट ग्रुप नेपाल प्रालिलाई दिएको छ । म्यानेजमेन्टले दुई सय २० श्रमिक सरसफाईमा परिचालन गर्दै आएको छ । व्यक्तिका घर-घरमा पुगेर फोहोर उठाउने उनीहरूलाई सर्जिकल ग्लोब्स र साधारण मास्क बाहेक केही दिइएको छैन ।

मोरङको मिक्लाजुङ गाउँपालिका-४ टाँडीमा नेपाली सेनाको सूर्य दल गणले सञ्चालन गरेको क्वारेन्टाइनमा वैशाख ८ गते विहान हावाहुरीले क्षति पुऱ्याएको छ । कोरोना भाइरस सङ्क्रमणको आशङ्का गरिएकाहरूलाई राख्नका लागि निर्माण गरेर चैत १० गतेबाट सञ्चालनमा ल्याइएको क्वारेन्टाइनमा हावाहुरीले क्षति पुऱ्याएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले बताउनु भयो । उहाँकाअनुसार दुई सयवटा टेन्ट प्रयोग गरेर दुई सय वेडको क्वारेन्टाइन सञ्चालन गरिएकोमा वर्षासँगै चलेको हावाहुरीले ४० ओटा टेन्ट उडाइदिएको छ । उहाँका अनुसार हावाहुरी र वर्षा रोकिए पनि बिजुली र इन्टरनेट सेवा

अवरूद्ध बनेको छ । हुरीले टेन्ट उडाए पनि क्वारेन्टाइन सञ्चालनमा भने समस्या नरहेको सूर्यदल गणका प्रमुख सेनानी रघु पौडेलले बताउनु भयो । ४० ओटा वेडमा क्षति पुगे पनि अरूमा नभएका कारण क्वारेन्टाइनमा राखिएकाहरूलाई बस्न कुनै गाह्रो नभएको उहाँको भनाइ छ । क्वारेन्टाइनमा वैशाख ८ गते आठ जना पुरूष र चार जना महिला गरेर १२ जना रहेका छन् ।

मोरङको पथरी शनिश्चरे नगरपालिका कार्यालयको अगुवाईमा नगर क्षेत्रमा पर्ने मुस्लिम समुदायका दुई ओटा मस्जिदमा वैशाख ८ गते अनुगमन् भएको छ ।

कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन सचेतना अपनाउने सन्देश दिँदै वडा नम्बर ५ स्थित हसन्दहमा रहेका दुई ओटा मस्जिदमा अनुगमन गरिएको हो । नगर उपप्रमुख एवम् अनुगमन् समिति संयोजक यमुना विष्ट वास्तोलाको अगुवाईमा, प्रहरी चौकी कुसेका सुरक्षाकर्मी, समाजसेवीहरू समेत सम्मिलित टोलीले मस्जिद अनुगमन गर्दा मस्जिद खाली अवस्थामा भेटिएको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङका अनुसार** वैशाख **८ गते**सम्म जिल्लामा ७४ जनामा गरिएको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) रिपोर्ट नेगेटिभ आएको छ । आठराई त्रिवेणी गाउँपालिकामा वैशाख ७ गते १२ जना र फुङलिङ नगरपालिकास्थित जिल्ला अस्पतालमा एक जनामा परीक्षण गरिएसँगै परीक्षण सङ्ख्या ७४ पुगेको छ ।

फुङलिङ नगरपालिकाले सङ्घीय सरकारको कोरोना राहत कोषमा वैशाख ७ गते १ लाख ११ हजार १ सय ११ रुपियाँ उपलब्ध गराएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी केशव खतिवडा नेतृत्वको टोलीले वैशाख ७ गते गरेको बजार अनुगमनका क्रममा पसलैपिच्छे फरक-फरक मूल्य पाइएको जनाएको छ । समितिले बजार मूल्य भन्दा बढीमा विक्री गरेको पाइए पसल शिल गर्ने चेतावनी दिएको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार अरूण गाउँपालिका -६ जरायोटारले वडा भित्रका ५७ गरिब, विपन्न, मजदूरहरूलाई राहत वितरण गरेको छ । वडाले ५७ घरलाई राहत वितरण गरेको वडा अध्यक्ष ज्ञानेन्द्र दाहालले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय भोजपुरले लकडाउनको बेला पनि जिल्लामा सञ्चालित आयोजनाहरूको अनुगमन गरेको छ । प्रदेश सरकारको लगानीमा पूर्वाधार विकास कार्यालय अर्न्तगत भोजपुर नगरपालिका र रामप्रसादराई गाउँपालिका जोड्ने पिखुवा खोलाको पुल, कावाखोला पुल, सिक्तेल खोला पुल, आरीओला पुल निर्माणको काम भईरहेको जिल्ला पशासन कार्यालयले जनाएको छ । टक्सार- पिखुवा खोला हाइड्रो पावर, इर्खुवा खोला जल विद्युत आयोजना, चिर्खुवा खोला जल विद्युत आयोजना लगायतको काम पनि निरन्तर चलिरहेका छन् । ती योजनाका काममा सञ्चालनमा रहेका ढुवानीका साधनहरूलाई पासको व्यवस्था गरिएको छ । कामदारहरूको स्वास्थ्य परीक्षणसंगै कार्य स्थलमा सामाजिक दूरी कायम गरिएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले बताउनु भयो ।

**इन्सेक तेह्रथुम जिल्ला प्रतिनिधि भगिश्वर लिम्बू**का अनुसार वैशाख ८ गते सम्ममा जिल्लामा ८७ जना क्वारेन्टाइनमा बसेका छन् । सरस्वती मावि म्याङलुङमा ४२ जना, फेदाप गाँउपालिकाको पोक्लाबाङमा १२ जना, छथर गाँउपालिकामा १५ जना ,गौखुरी मावि मेन्छ्यायेममा चार जना र बसन्त मावि लालीगुरास नगरपालिकामा १४ जना बसेका छन् । जिल्लामा कोरोना आशङ्का गरिएका दश जनाको स्वाब परीक्षण गरिएको छ । सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पतालले जनाएको छ ।
राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैह्र सरकारी संस्थामहासङ्घ बीच सहकार्य गर्ने सहमतिमा जिल्लामा मानव अधिकार अनुगमन समिति गठन गरिएको छ । समितिको सदस्यका रूपमा इन्सेक प्रतिनिधि भगिश्वर लिम्बू चयन हुनु भएको छ .
कोरोना भाइरसको जोखिम नियन्त्रणका लागि म्याङलुङ नगरपालिकाले १८ ओटा नाकामा स्वयमसेवक परिचालन गरेको छ । म्याङलुङ नगरपालिकाले ३० लाख रुपियाँको कोष स्थापना गरेको छ । फेदाप गाँउपालिकाले १५ लाख रुपियाँ, आठराई गाँउपालिकाकाले १५ लाख रुपियाँ र मेन्छ्यायेम गाँउपालिकाले ५ लाख रुपियाँको विपद् व्यवस्थापन कोष स्थापना गरेको छ । सुरक्षाका लागि १ सय १८ ओटा पीपीइ वितरण गरिएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार इटहरी उपमहानगरपालिकास्थित जनता क्याम्पसमा रहेको क्वारेन्टाइनमा रहेका सबै जनाको आरडीटी परीक्षण गरिएको छ । ५८ जनामा गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको इटहरी अस्पतालका इमरजेन्सी इर्न्चाज रामकुमार धमलाले जानकारी दिनुभयो ।
विदेशबाट फर्किएका वराहक्षेत्र नगरभित्र आरडीटी किटबाट कोरोना भाइरसको परीक्षण सुरू गरिएको छ । वैशाख ८ गतेसम्म २० जनाको कोरोना भाइरसको आरडीटी परीक्षण सकिएको छ । वराहक्षेत्र नगरपालिकाको स्वास्थ्य शाखाले दिएको जानकारी अनुसार २० जनाकै परीक्षण रिपोर्ट नेगेटिभ आएको छ ।
धरान उपमहानगरपालिकामा लकडाउन उल्लङ्घन गर्ने १९ जनालाई प्रहरीले वैशाख ८ गते नियन्त्रणमा लिएको छ । धरान उपमहानगरपालिकाले सुरक्षा संयन्त्रसँग छलफल गर्दै वैशाख ६ गतेदेखि ८ गतेसम्म औषधि र दूधबाहेक सबै पसल बन्द गर्न आह्वान गरेको थियो । इलाका प्रहरी कार्यालय धरानका डिएसपी डुण्डीराज न्यौपानेले चार जना महिलासहित १९ जनालाई नियन्त्रणमा लिएर दुई घण्टासम्म सचेतना गराएर छाडिएको जानकारी दिनुभयो ।
धरान उपमहानगरपालिका- १७ स्थित स्मृती मार्गले गाउँमा अपरिचित मान्छेको आवत जावतलाई रोक लगाएको छ ।
इनरूवा नगरपालिका-९ बबियाका किसान टमाटर बारीमै कुहिन थालेपछि पिरोलिएका छन् । लकडाउनका कारण बजारसम्म टमाटर पुऱ्याउन नपाएर बारीमै टमाटर कुहिन थालेपछि पिरोलिएका हुन् ।

सङ्खुवासभाको भोटखोला गाँउपालिकाबाट जडीबुटी बेच्न तराई झरेका ५७ जना भन्दा बढी नागरिक धरान उपमहानगरपालिकामा अलपत्र परेका छन् । उनीहरूले आफूहरूलाई उद्दार गरीदिन सरकारसँग आग्रह गरेका छन् । शिङसा कल्याण केन्द्र सुनसरीले वैशाख ८ गते पत्रकार सम्मेलनको आयोजना गर्दै बिचल्लीमा परेकालाई उद्दारको माग गरेको छ ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार त्रियुगा नगरपालिका-३ भुल्केका दुई सय ५१ जनाको स्वाब सङ्कलनपछि नेपाली सेनाको चिकित्सकसहितको टोली वैशाख ८ गते हेलिकप्टरबाट काठमाण्डौं फर्किएको छ । दुई दिन लगाएर नेपाली सेनाको छाउनी अस्पतालका मेजर डा. प्राची रायमाझीको नेतृत्वमा आएको चार जनाको स्वास्थ्यकर्मीको टोलीले ५३ घर मुस्लिम समुदायका परिवार, छिमेकी र बाहिरी भागमा काम गर्दै आएका नेपाली सेनाको १८ नम्बर बाहिनीका सेनाको स्वाब सङ्कलन गरेको हो । वैशाख ७ गते समय अभावले १ सय ५२ जनाको मात्र स्वाब सङ्कलन गरिएकाले बाँकी रहेका ९९ जनाको ८ गते नमूना सङ्कलन गरिएको बाहिनीपति सहायकरथी कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो । १३ जनामा कोरोना पुष्टि भएपछि सेनाले वाहिनीको फिल्डमा क्याम्प नै राखेर स्थानीय र केही सेनाको समेत नमूना सङ्कलन गरेको हो ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार ०७७ वैशाख ८ गते जिल्लामा ११ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । २ सय ३५ जनामा र्‍यापिड टेस्ट गरिएकोमा २ सय ११ जनाको रिपोर्ट नेगेटिभ  र २३ जनाको रिपोर्ट आउन बाँकी छ ।
शिवसताक्षी नगरपालिकाका जनप्रतिनिधिले घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न शुरू गरेका छन् । सामाजिक सुरक्षा भत्ता सरकारको नियम अनुसार सर्वसाधारणकै नामको खातामा बैङ्कमा जम्मा गरिएको थियो । लकडाउनमा दुख नहोस भनेर राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी, प्रहरी र अन्य जनप्रतिनिधि घरैमा पुगेर भत्ता वितरण गरेका हुन् ।
आधुनिक बचत तथा ऋण सहकारी संस्था लि. मेचीनगरले मेचीनगर नगरपालिकाको विपद् कोषमा ५१ हजार रुपियाँ सहयोग गरेको छ ।
प्राथमिक स्वास्थ्य केन्द्र धुलाबारीमा वैशाख ६ गते कोरोनाको स्वाब सङ्कलन गर्ने क्याविनेट जडान गरिएको छ । राष्ट्रिय आविष्कार केन्द्रले उत्पादन गरेको कोरोनाका आशङ्काका बिरामीको स्वास्थ्य परीक्षणका लागि पीपीई क्याविनेट धुलाबारीमा जडान गरिएको हो ।
बिर्तामोडमा लकडाउन उल्लङ्घन गर्नेको संख्या बढेकाले अत्यावश्यक सामग्री खरिदका लागि तोकिएको समय हेरफेर गरिएको छ । खाद्य तथा अत्यावश्यकीय सामग्री खरिद विक्रीका लागि बजार खुल्ने समय परिवर्तन गरिएको नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले जानकारी दिनुभयो । बिहान ८ बजेदेखि ११ बजेसम्म खाद्य पसल खुल्ने र किनमेल गर्न सकिने समय तोकेको हो ।

मेची अस्पताललाई दुई रोटरी रोटरी क्लव अफ विर्तामोड र रोटरी क्लव अफ भद्रपुरले आधा दर्जन उच्च गुणस्तरीय पीपीई सेट अस्पताललाई उपलब्ध गराएको छ ।
नेपाल शिक्षक महासङघ कनकाई नगर कार्यासमितिबाट १ लाख २२ हजार ७ सय रुपियाँ कन्काई नगरपालिकालाई प्रदान गरिएको छ ।

**इन्सेक सोलुखम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार थुलुङदूधकोशी गाउँपालिकाको वैशाख ८ गते सम्पन्न बैठकले पालिका बाहिर असहज अवस्थामा बसेका नागरिकको उद्दार गर्ने निर्णय गरेको छ । काठमाण्डौ लगायतको क्षेत्रमा विभिन्न शिलशिलामा बसेका नागरिकको उद्दार गर्ने निर्णय गरेको हो । गाउँपालिका अध्यक्ष असिम राईले वैशाख ८ गतेदेखि विवरण सङ्कलन थालिएको र वैशाख ९ गतेबाट उद्दार सुरू गरिने बताउनुभयो । प्रदेश र सङ्घीय सरकारसँगको समन्वयमा कोठाभाडामा बसेका विपन्न परिवारलाई उद्दार गर्ने निर्णय गरिएको अध्यक्ष राईले जानकारी दिनुभयो । उद्दार गरिएकाहरूलाई १४ दिनसम्म सुरक्षित साथ क्वारेनटाइनमा नबसेको खण्डमा सोही अनुसारको कारबाहीको समेत व्यवस्था गरेको गाउँपालिकाले जनाएको छ ।
नेचासल्यान गाउँपालिकाले वैशाख ८ गते १ सय १४ जनालाई दीर्घ रोगीलाई एक महिनाको लागि निशुल्क औषधि वितरण गरेको छ । यस्तै नेचासल्यान स्थायी घर भई अन्यत्र रहेका नागरिकको समेत विवरण सङ्कलन शुरू गरेको गाउँपालिका अध्यक्ष डुफकुमार बास्तोलाले जानकारी दिनुभयो ।
महाकुलुङ गाउँपालिकाका अध्यक्ष सागर किराँतीले शहरी क्षेत्रमा बाध्यात्मक अवस्थामा बसेका नागरिकको विवरण सङ्कलनको काम शुरू गरेको जानकारी दिनुभएको छ ।
माप्य दूधकोशी गाउँपालिकाले पनि समस्यामा परेका नागरिकको विवरण सङ्कलन सुरू गरेको छ । समस्यामा परेका विद्यार्थी तथा दैनिक ज्याला मजदूरी गरी जीवीकोपार्जन गरिरहेकाहरूको विवरण सङ्कलन सुरू गरेको गाउँपालिकाले जनाएको छ ।
खुम्बु पासाङल्हामु गाउँपालिकाले वैशाख १० गतेसम्म काठमाण्डौमा रहेकाहरू व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरीसक्ने गाउँपालिका प्रवक्ता लाक्पा छिरि शेर्पाले जानकारी दिनुभयो ।
लिकखुपिके गाउँपालिकाले १ सय १२ विपन्न परिवारलाई राहत वितरण गरेको गाउँपालिका अध्यक्ष डम्बरबहादुर बस्नेतले जानकारी दिनुभयो । प्रतिघर परिवारलाई ३० केजी चामल, ४ केजी दाल, १ प्याकेट नुन, एक प्याकेट खाने तेल र २ ओटा साबुन वितरण गरिएको छ ।
खुम्बुपासाङ ल्हामु गाउँपालिका -२ ले वडाभित्रका ७३ जना विपन्न घरपरिवारलाई राहत वितरण गरेको छ । प्रति परिवार ३० केजी. चामल, ३ केजी दाल, २ केजी नुन, ४ ओटा साबुन, २ केजी चिनी, २ लिटर खानेतेल वितरण गरिएको वडा -२ का वडाध्यक्ष आङफुर्वा शेर्पाले जानकारी दिनुभयो ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ८ गते चैनपुर नगरपालिकाले आठ जनालाई होम क्वारेन्टाइनमा राखेको छ । ८ गते जिल्ला अस्पताल

खाँदबारीमा २१ जना महिला र २१ पुरूषले ज्वरो क्लिनिकमा जाँच गराएका छन् । ८ गते खाँदबारी नगरपालिका भित्रका २२ जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको छ । र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले बताउनुभयो ।  र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएका १७ जना पुरूष र पाँच जना महिला छन् ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ८ गते १९ जना महिला र ४१ जना पुरूष गरी ६० जनालाई क्वारेन्टाइनमा राखिएको छ । जिल्लाबाट हालसम्म १ सय ६८ जनाको आरडीटी गरिका मध्ये शङ्कास्पद १८ जनाको पीसीआर गरिएकोमा ११ जनाको नेगेटिभ आएको छ । सात जनाको रिपोर्ट आउन बाँकी छ । जिल्लाका सबै स्थानीय तहमा एम्बुलेन्स लगायतका सवारी साधन तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार फाकफोकथुम गाउँपालिकामा वैशाख ८ गते ४३ जनामा र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) गरिएको छ । टेस्ट गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ । होम क्वारेन्टाइनमा रहेका ३३ जना र अन्य ११ जना गरी ४३ जनाको र्‍यापिड टेस्ट गरिएको गाउँपालिकाका प्रशासकीय अधिकृत रेखनाथ दाहालले बताउनुभयो । दाहालका अनुसार ४० जना होम क्वारेन्टाइनमा रहेकामध्ये आठ जना र्‍यापिड टेस्ट गर्न आएनन् ।
इलाम नगरपालिका-६, सिङफ्रिङस्थित क्वारेन्टाइनमा खटेका ११ कर्मचारीको पनि वैशाख ८ गते नै गरिएको आरडिटीको रिपोर्ट नेगेटिभ आएको छ । जिल्ला जनस्वास्थ्य कार्यालयले वैशाख ८ गते यहाँ खटिएका प्रहरी, स्वास्थ्यकर्मीलगायतको आरडिटी गरेको हो ।
सूर्योदय नगरपालिकाले नगरका ४ सय ४१ असंगठित श्रमिक र असहायलाई राहत वितरण गरेको छ । असंगठित श्रमिक र असहाय गरी १ हजार ३ सय ५७ जनाको सूची तयार गरिएकामा पहिलो चरणमा ४ सय ४१ लाई वितरण गरिएको नगरपालिकाका मेयर रणबहादुर राईले बताउनुभयो । नगरले दोस्रो चरणमा समेत राहत वितरण गर्दैछ । सूर्योदय नगरपालिकाको पशुपतिनगरमा रहेको क्वारेन्टाइनमा अहिले ९ जना बसिरहेका छन् ।
सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा सूर्योदय नगरपालिका-१४ का व्यवसायी मदन समालले २५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ । सूर्योदयकै रोशन र रविन भट्टराईले यही कोषमा २० हजार रुपैयाँ नगद सहयोग गर्नुभएको नगरपालिकाले जनाएको छ । इलाम नगरपालिकाको सिङफ्रिङ र जिल्ला समन्वय समितिको नयाँ भवनमा गरी ४० बेडको क्वारेन्टाइन तयार गरिने भएको छ । यस्तै, इलाम नगरपालिकाका १२ वटै वडामा गरी ६० बेडको क्वारेन्टाइन पनि तयार गरिने जिल्ला समन्वय समितिले जनाएको छ । सङ्कट व्यवस्थापन केन्द्रले जिल्लाका विभिन्न स्थानमा होम क्वारेन्टाइनमा राखिएका व्यक्तिको समेत आरडिटी गर्ने तयारी गरिरहेको जिसस प्रमुख गणेशप्रसाद बरालले बताउनुभयो ।

इलाम नगरपालिकास्थित नगर प्याब्सन समितिले इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा ५० हजार रुपियाँ सहयोग उपलब्ध गराएको छ ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**